परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

❑ वर्ष १३ ❑ अंक ९ २०८१ असोज ६ आईतवार Sunday 22, SEP 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## जितिया पर्वको अवसरमा जेष्ठ सुडी महिलाहरू सम्मानित

विराटनगर । मधेसी महिला हरुले मनाउने महान चाडपर्व जितियाको अवसरमा नेपाल सुडी समाज केन्द्रीय कार्यसमितिले मोरंगले शनिवार जेष्ठ सुडी महिलाहरुलाई फूलमाला र दोसल्ला ओढाएर सम्मान गरेको छन् ।

नेपाल सुडी समाज विराटनगरले आयोजना गरेको जितिया पर्वको शुभकामना आदानप्रदान कार्यक्रम मा ७० वर्ष माथिका २५ जना जेष्ठ सुडी महिलाहरुलाई कार्यक्रमका प्रमुख अतिथि जहदा गाउँपालिकाका अध्यक्ष जितेन्द्र प्रसाद साहले दोसल्ला ओढाएर सम्मान गरेको हो ।



जितिया पर्वको उपलक्ष्यमा गरिएको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि जहदा गाउँपालिकाका अध्यक्ष साहले भने मधेसी समुदायमा आमा, विवाहित दिदी बहिनीहरुले मनाउने जितिया पर्वको उपलक्ष्यमा नेपाल सुडी समाजले जेष्ठ सुडी महिला हरुलाई सम्मान गरेकोमा खुशी व्यक्त गर्दै जितिया लगायत सुडी जातिले मनाउने अन्य चाड पर्व र आफ्नो पेशालाई संरक्षण र सम्वर्द्ध गर्नु पर्ने वताए ।

नेपाल सुडी समाजको पूर्व अध्यक्ष रामेश्वर साहले कार्यक्रमको सफलताको शुभकामना दिदै भने मधेसी समुदायका सबै जातजातिका महिलाहरुले घर-घरमा मिठामिठा पकवान पकाएर खाने अनि चोखो भएर निराहार ब्रत बस्ने गर्दछन ।

वांकी अन्तिम पेजमा...

## संविधान दिवसको अवसरमा वृक्षारोपन

विराटनगर । संविधान दिवसको अवसरमा महिला तथा बालबालिकाहरुद्धारा सरसफाई, वृक्षारोपण र विरुवा लगाएर हुर्काएका एक व्यक्तिलाई सम्मान गरेका छन् ।

महिला एवम् बालकालिका हरुकै पहिलमा विराटनगर महानगरपालिका वडा नं. ४ र ५ जामुन गाछी देखि पश्चिम पानी टंकी टोलमा वृक्षारोपण, सरसफाई र एक जनालाई सम्मान गरेको हो ।

सरसफाई तथा विरुवा लगाउने अभियानमा संलग्न व्यक्तिहरुले सडकको दुबै पट्टी सरसफाई गरी ५ दर्जन जति निम, अशोक, सृस, धुपि, लगातका बिरुवा लगाउनुका साथै सडक पेटीमा पसल संचालन गरी पसल अगाडी विरुवा लगाएर हुर्काएका स्थानीय पसल संचालक नारायण भगत चौधरीलाई फुलमाला र खादा लगाएर सम्मान गरका छन ।

सरसफाई एवम् वृक्षारोपन अभियानका अभियान कर्ता मधेश प्रदेश सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. १७ निवासी धिरेन्द्र साह भन्छन् देशलाई हराभरा वनाउनु छ भने प्रत्येक व्यक्तिले आ-आफ्नो जन्म दिन, बैवाहिक वर्षगाठ वा अन्य कुनै उत्सवको अवसरमा कम्तीमा एउटा विरुवा लगाएर हुर्काउनु पर्छ । जसले गर्दा समाज सुन्दर देखिनुका साथै स्वच्छ हावा, हराभरा वातावरणको निर्माण हुन्छ । विरुवा लगाएर जोगाउनु छ भने अव विरुवा संरक्षण गर्नेलाई सम्मान गर्ने अभियान

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशमा पुरुष भन्दा महिलामा बढी दृष्टीदोष

विराटनगर । कोशी प्रदेशमा पुरुषको भन्दा महिलामा बढी दृष्टीदोष देखिएको एक सर्वेक्षणले देखाएको छ ।

कोशी प्रदेशमा सम्पन्न गरिएको रेपिड एसिसमेन्ट अफ एभवाडेवल ब्लाइन्डनेस (राब) सर्वेभा आधारित भएर गरिएको सर्वेक्षणमा पुरुषको भन्दा महिलामा बढी दृष्टीदोष भएको देखाईएको छ ।

सो सर्वेक्षण पुस्तिकाको विमोचन कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका मुख्य मन्त्री हिक्मत कुमार कार्कीले पुस्तकको विमोचन गर्दै भने कोशी प्रदेशमा रहेको आँखा रोगीहरुको उपचारको लागि सहयोग गर्न तयार रहेको वताएका थिए । आँखा उपचारमा संलग्न रहको विराटनगर आँखा अस्पताल र संघ संस्थाहरुले अपेक्षा गरेको बजेट प्रदेश सरकारसँग छ । बसेर छलफल गरी अगाडी बढौ प्रदेश सरकार तपाईहरुसंगै छ । चाहिने सहयोग गर्न पनि तयार रहेको प्रतिवद्धता जनाएका थिए ।

सर्वेक्षणको अनुसार कोशी प्रदेशमा ५० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरुमा विभिन्न कारणले गर्दा जम्मा ६ हजार २ सय २४ जनामा (०.८%) दृष्टिबिहिनता भएको हुने अनुमान गरिएको छ । त्यस्तै गम्भीर दृष्टिदोषको अवस्थामा रहेकाको संख्या ९ हजरा १ सय ६३ जना (१.२%), मध्यम दृष्टिदोषको अवस्थामा रहेकाको संख्या ३८ हजार १ सय २१ जना (५.१%) तथा प्रारम्भिक दृष्टिदोषको समस्यामा रहेकाको संख्या ५५ हजार ५ सय ८६ जना (७.५%) अनुमान गरिएकोछ । प्रदेश भरमा कूल १ लाख ९ हजार ९४ व्यक्तिहरु कुनै न कुनै प्रकारको दृष्टिदोषको अवस्थामा रहेका छन्, जसमध्ये पुरुषको संख्या ४८,१८० तथा महिलाको संख्या ६०,९१४ रहेको देखाएको छ ।

सर्वेक्षण २०१९ को मुख्य उद्देश्य कोशी प्रदेशमा विद्यमान दृष्टिबिहिनाताको अवस्था तथा यसका कारणहरु, आँखा सेवाको प्रवाहको अवस्था, आँखा स्वास्थ्य सेवाको प्रभावकारिता बारे अनुसन्धान गर्नु रहेको थियो । यसले समुदायका ५० वर्ष भन्दा बढी उमेरका मानिसहरु बीच सर्वेक्षण गरेको थियो । सर्वेक्षणको नमुनाको रुपमा ४ हजार १ सय २१ जनाबाट सूचना संकलन गरिएको थियो । संकलित तथ्यांकको विश्लेषण गरी प्राप्त नतिजाको आधारमा कोशी प्रदेशको सम्पूर्ण जनसंख्या तथा त्यसको उमेर अनुसारको वितरणसंग मिल्नेगरी स्तरिकुत गरी प्रदेशका सम्पूर्ण

वांकी अन्तिम पेजमा...

**रोगबाट बच्ने उपायहरु**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै बस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाव सफा गरेपछि,
- फोहर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं,
रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## लागुऔषध...

ट्रामाडोल ८ हजार ९ सय ८० क्याप्सुल बरामद गरेको थियो ।

त्यसैगरी बिशेष सुचनाको आधारमा मोरङको इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले लेटाङ-३ का २३ बर्षीय सुरज लिम्बु, २६ बर्षीय किरण मगर, २३ बर्षीय टिकाराम पङ्गी मगर, २३ बर्षीय युगल मगर, ६४ बर्षीय मिलन मंगलसिंह लिम्बु र २२ बर्षीय समिर राईलाई नियन्त्रित औषधी ट्रामाडोल, उचयकभतजबशष्लभ, अथउचयजभउतबमष्लभ र मथअथअफिष्लभजर्आ समेत १ हजार २ सय २० ट्याब्लेट र गाँजा ७४२ ग्राम सहित नियन्त्रणमा लिएको थियो ।

सोही दिन झापाको इलाका प्रहरी कार्यालय बुधबारेले बुद्धशान्ति गाँउपालिका-३ की ४५ बर्षीया जैगुन खातुनलाई १२० मिलिग्राम ब्राउन सुगर सहित र जिल्ला प्रहरी कार्यालय पाँचथरले फिदिम-७ का २५ बर्षीय राम बहादुर लिम्बुलाई २८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

झापा र सुनसरी जिल्लाबाट लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । असोज १ गते मंगलवार झापाको झापा गाउँपालिका-४ स्थितमा इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा मे.५ प ९६७३ नम्बरको स्कुटरमा लुकाई छिपाई ल्याउदै गरेको ३ ग्राम ७५० मिलिग्राम ब्राउन सुगर फेला परेकोमा स्कुटरमा सवार कमल गाउँपालिका-७ का २५ बर्षीय सन्देश लिम्बु र ३६ बर्षीय पुर्ण बहादुर लिम्बुलाई पक्राउ गरेको छ । त्यसै गरी सुनसरीको अस्थायी प्रहरी चौकी मोतीटप्पुबाट खटिएको प्रहरी टोलीले देवानगंज गाउँपालिका-३ स्थित नेपाल भारत सिमा नजिकबाट ट्रामाडोल १५ हजार ३ सय ट्याब्लेट फेला पारी नियन्त्रणमा लिएको थियो ।

मोरङ जिल्लाको छुट्टा छुटै दुई स्थानहरुबाट प्रतिबन्धित लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । भदौ ३१ गते बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले पथरी शनिश्चरे नगरपालिका-१ का २२ बर्षीय कर्ण लिम्बुलाई ४ ग्राम लागुऔषध ब्राउन सुगर सहित र विराटनगर महानगर पालिका-१५ ढाट स्थित भारतबाट झापा गौरादह नगरपालिका-७ का १९ बर्षीय मन्जिल चौधरीलाई ९३ मिलिग्राम ब्राउन सुगर सहित लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको प्रहरीले जानकारी गराएको छ ।

## चाडवाड...

सचेतना मुलक कार्यक्रमहरुलाई निरन्तररुपमा संचालन गर्ने तथा पेण्डिङ मुद्दाको फलोअप, फरार अपराधीहरूको खोजि कार्यलाई तिव्रता दिदै शुन्य सहनशिलताका साथ बिभागिय निती निर्देशनलाई अक्षरस पालना गर्न निर्देशन दिनु भएको छ ।

निर्देशन सम्वोधन कार्यक्रममा प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले, कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहाल तथा सिनियर प्रहरी अधिकृत हरुको उपस्थिति रहेको थियो ।

हार्दिक मंगलमय

शुभकामना

२०८१ सालको विजया दशमी शुभ, दि

पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर

संतोष बस्नेत (निर्माण व्यवासयी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.
परिवार, विराटनगर

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले ।
- पर्याप्त संख्या र नियमित रुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिड-भाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परिक्षण गरौं ।
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनावाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

# जागृत महिलाद्धारा जितिया महोत्सव



विराटनगर, असोज ५ गते । जागृत महिला समाजले मधेसी समुदायका विवाहित महिला हरुले मनाउने जितिया पर्वको अवसरमा महोत्सव र सम्मान कार्यक्रम गरेका छन् ।

समाजले जितिया पर्वको अवसरमा विराटनगर महानगरपालिका वडा नं. १४ महतो टोलमा जितिया महोत्सव र सम्मान कार्यक्रमको आयोजना गरी समाजिक अधियन्ता र पत्रकारहरुलाई सम्मान र मायाको चिनोबाट सम्मानित गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका माननीय गीता रानी महतो र विशिष्ठ अतिथी वडा नं. १४ का वडा अध्यक्ष सुर्य नारायाण महतोले संयुक्त रुपमा अप्पन विराटगढ परोपकार समाजको अध्यक्ष एवंम समाजिक अभियन्ता बसुन्धरा झा, मकालु टेलिभिजनका पत्रकार उषा सरदार, विराट प्रेसका प्रधान सम्पादक मुकेश कुमार यादव, ह्पिमत अनलाईका सम्पादक विरेन्द्र साहलाई सम्मान पत्र र मकालु टेलिभिजनका पदम कुमार सरकार र क्राइम अपरेश अनलाईनका सम्पादक श्याम सुन्दर सुतिहारलाई मायाको चिनोवाट सम्मानित गरेका थिए ।

प्रमुख अतिथि माननीय गीता रानी महतोले कार्यक्रमलाई सम्बोधन गर्दै भने मधेसी समुदायका महिलाहरुले मनाउने जितिया पर्वको शुभकामना दिदै सार्वजनिक रुपमा एक आपसमा मिलीजुली नाचगान गरी मनाउने परम्पराले महिलाहरुले पनि समाजमा केही गर्न सक्छ भनी संदेश दिएको भन्दै मधेसी महिलाहरु आफ्नो अधिकार अन्य क्षेत्रमा समेत खोज्नु पर्ने वताए ।

विशिष्ठ अतिथि वडा अध्यक्ष महतोले भने पहिले पहिले मधेसी समुदायका विवाहित दिदी वहिनीहरुले आ-आफ्नो घरमा मिठा पकवान पकाएर खाने अनि निराहर व्रत बसी श्रीमान, छोरा-छोरी, परिवारको शान्ति, समृद्धि, सु-स्वस्थ्यको कामना गर्दै मनाउने परम्परालाई चिर्दै अहिले सार्वजनिक रुपमा हर्सोउल्लासका साथ जितिया पर्व आउनु भन्दा एक हप्ता पहिले देखि नै गाउँ टोल समाजमा महिला दिदी बहिनीहरु मिलीजोली रमाइलो गरेकोमा खुशी व्यक्ति गर्दै जितिया लगायत अन्य चाडपर्वहरुको संरक्षण र सम्वर्द्धमा वडाको सहयोग रहने वताए ।

कार्यक्रममा मैथली ब्राह्मण समाज महिला समिति मोरंगको अध्यक्ष प्रिती झाले स्वागत गीतबाट उपस्थित महानुभाव हरुलाई स्वागत गरेका थिए । त्यसै गरी बालबालिकाहरुले जितियाका गीत, झिझिया गीत लगायतमा नृत्य गरेका थिए ।

महोत्सव र सम्मान कार्यक्रमको अध्यक्षता ग्रहण गरेकी समाजका अध्यक्ष ममता यादवले जितिया पर्वमा उपवास बस्ने सम्पूर्ण मधेसी दिदी बहिनीहरुलाई जितिया पर्वको शुभकामना दिदै भव्य र सभ्य रुपमा मनाउन आग्रह गर्दै कार्यक्रमलाई समापन गरेका थिए ।

## जितिया...

तर आजभोली मधेसी समुदायका हरेक जातजातिको महिलारुले एकठाउँमा जम्मा भएर सार्वजनिक रुपमा जितिया पर्वलाई हर्सोउल्लासका साथ मनाउन थालेकोमा खुशी व्यक्त गर्दै यस्ता पर्वहरुलाई संरक्षण र सम्वर्द्धन गर्न सुडी समाज निरन्तर लागि रहनुपर्ने वताए ।

उक्त कार्यक्रममा सुडी समाजका बुद्धिजीवी, शिक्षक, विद्याथी, व्यपारी, उद्योगी, समाज सेवी लगाय सुनसरी र मोरंगका महिलाहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रमका अध्यक्षता गरी रहेका नेपाल सुडी समाज केन्द्रीय अध्यक्ष संतोष कुमार साहले भने सोमवार देखि शुरु हुने जितिया पर्वमा आ-आफ्ना श्रीमान, छोरा-छोरी र परिवारको सुख, शान्ति, सुस्वस्थ्यको लागि गर्ने भएकोले हर्सोउल्लासका साथ मनाउन विवाहित महिलाहरुलाई आग्रह गर्दै जितिया पर्वको अवसरका गरिएको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

## कोशी...

जिल्लाहरु तथा स्थानीय तहहरुमा रहेको दृष्टिबिहिनताका अवस्था तथा अनुमानित संख्या निकालिएको थियो ।

दृष्टिबिहिनताको प्रमुख कारणहरुमा उपचार नगरिएको मोतिबिन्दु (६०.०%) प्रमुख रुपमा रहेको छ। त्यस्तैगरी दिएको जनसंख्यामा लगभग ७५% दृष्टिदोषको अवस्थामा रहेकालाई दृष्टिबिहिनताको अवस्थाबाट बचाउन सकिने देखिएको छ । मोतिबिन्दुका कारण मात्र अनुमानित ३,२३८ व्यक्तिहरूमा ( ०.४%) दृष्टिबिहिनता देखिएको छ । मोतिबिन्दु शल्यक्रिया गरे पश्चात ८१.४% आँखामा राम्रो दृश्यको परिणाम प्राप्त भएको थियो ।

दृष्टिदोष र दृष्टिबिहिनता अझै पनि नेपालको कोशी प्रदेशमा प्रमुख जनस्वास्थ्य समस्याको रूपमा पाईएको छ । मोतिबिन्दुको सर्जिकल सेवाहरू लिन अझै पनि विभिन्न अवरोधहरु रहेका छन् जसमा उपचारमा लाग्ने खर्च, आवश्यकता महसुस गर्न नसक्नु र शल्यक्रियाको डर प्रमुख रहेका छन् । व्यवस्थित आँखा स्वास्थ्य प्रणालीद्वारा यो समस्याको सम्बोधन गर्ने महत्त्वपूर्ण कार्यभार बाँकी छ । आँखा सल्य चिकित्सा सेवाको पहुँच विस्तार तथा गुणस्तरमा थप सुधारको आवश्यकता रहेको सर्वेक्षण पुस्तिकामा उल्लेख छ ।

## संविधान...

चलाउनुपर्ने साहको भनाई छ ।

उक्त अभियानमा स्थानीय सुनिता राउत, नम्रता आर्या, पुजा खतिवडा, रेवती सामपाङ लगायतल समाज सेवी, बुद्धिजीवी, बालबालिकाहरुको सहयोग रहेको छ । सो अभियानको नेतृत्व लमजुङ दाडदी गाउँपालिका वडा नं ७ लक्शीबोट घर भई भाद्र १० गते विहे गरेर आएकी सानु गुरुङ्गले गरेकी थिईन ।

गरुङ्गले काठमाण्डौमा वागमती सरसफाई अभियान, चितवनमा महिला समूहसंग मिलेर सरसफाई अभियान, विरंगन्जमा समेत सरसफाई अभियान लगायत मानव सेवा आश्रममा समेत सेवा गरी सकेकी छिन् । वहांले अव विराटनगरलाई सरसफाई गरी विरुवा लगाएर हराभरा बनाउने अभियानमा जुटेको भन्दै यो अभियानलाई विराटनगरको प्रत्येक वाडमा पुऱ्याउने लक्ष्य लिएको गरुङ्गले वताईन ।




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# जितिया पर्वले दिने संदेश

तराई मधेशमा बसोवास गर्ने मधेशी समुदायका महिलाहरुले मनाउने जितिया पर्व आउँदो सोमवार देखि शुरु हुँदैछ । जितिया पर्व मधेशी समुदायका विवाहित महिलाहरुले मात्र मनाउने गर्दछन् । गाउँठाउँ अनुसार केही विधी विधानमा फरक भएतापनि जितिया पर्व प्रत्येक विवाहित महिलाहरुले मनाउने गर्द छन् । खास गरी पूर्व मधेशमा केही जातिमा जितिया पर्व विवाह भएका पहिलो वर्ष देखि मनाउन थालनी गर्दछन् भने केही जातिहरुमा विवाह पश्चिात छोरा छोरी भएपछि मात्र जितिया पर्वको थालनी गर्दछन् । जितिया पर्वको मुख्य उदेश्य भनेको श्रीमान, छोरा-छोरी र परिवारमा सुख, शान्ति, समृद्धिको लागि महिलाहरु जितियाको ब्रत वस्ने गर्दछन् ।

जितिया पर्वको पहिलो दिन महिलाहरुले  नदी, ताल, पोखरी, इनार वा कुनै जलाशयमा गई नुहाई धुवाई गरी तोरीका तेल र सिन्दुर चढाने गर्दछन् । सोही दिन मिठा मिठा पकवानहरु पकाएर खाने सोही दिन राती विहान पख चरा चुरुङ्ग उठ्नु भन्दा पहिले स-परिवारलाई भोजन गर ाई सकेपछि ब्रत बस्ने महिलाहरुले पनि खाना खान्छन् । त्यसको भोलीपल्ट निराधार (केही नखाईकन) ब्रत बस्दछन् । ब्रत बसेको भोली पल्ट नुहाई धुवाई र पूजापाठ गरी मात्र खानेकाम गर्दछन् । जितिया पर्वले पारिवारिक एकता, निर ोगिता, परिवारिक सुखको लागि फलदायी पर्व भएको जन विश्वास छ ।

मधेशी समुदायमा तल्लो वर्ग देखि माथिल्लो वर्ग सम्मका विवाहित महिलाहरुले ब्रतमा सहभागी हुन्छन् । विवाह भएको पहिलो जितिया व्रत हो भने पर्वमा लाग्ने सम्पूण सामग्री व्रत बस्नेका ससुरालीवाट सम्पूर्ण पूजापाठको समाज लगायत खानपिनका लागि मिठाई, दही च्यूरा लगायतका मिष्टानहरु र नयाँ लुगाहरु समेत आउने गर्दछन् । जसले गर्दा पहिलो जितिया माइतीमै गर्नु पर्छ । जितिया पर्वको उपलक्ष्यमा अहिले आएर सार्वजनिक रुपमा विभिन्न संस्कृति कार्यक्रम गरी महिला महिला मिलेर र माईलो गर्ने प्रचलन बढ्दै गएको छ ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कक्तर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।

# विज्ञानले रोक्न नसकेको जलवायु परिवर्तन !

डा. राजु लौडारी

विज्ञान-प्रविधिले चमत्कार गरेको छ। एपोलो-११ यान चन्द्रमामा अवतरण गरेको ५५ वर्ष भइसक्यो। एकैपटकमा विश्वको ठूलो भूभाग विनाश गर्न सक्ने हतियार बनेका छन् । कुनै एक ठाउँको घटनाको सूचना केही सेकेन्डमै विश्वभरि पुग्न सक्छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकासले त झन् अकल्पनीय चमत्कार गरेको छ ।

यता जलवायु परिवर्तनका कारण पृथ्वीमा समस्या विकराल बन्दै छ । वायुमण्डलको तापक्रम बढ्दै छ। खडेरी हुने, बाढीपहिरो आउने र हिउँ पग्लिने क्रम बढ्दै छ। समुद्री सतह बढ्दै छ । अनेक रोग फैलिने क्रम पनि बढेको छ ।

असीमित भन्न मिल्ने वैज्ञानिक-प्राविधिक उपलब्धिका बीच पनि उल्लिखित समस्या निराकरणका उपाय पत्ता लाग्न सकेको छैन ।

जलवायु परिवर्तन सम्बन्धी अन्तर्सरकारी समूह (आइपिसिसी) ले आगामी दुई दशकमा विश्व समुदायले जलवायु परिवर्तनका कारण धेरै प्रकारका जोखिमहरू बेहोर्नुपर्ने चेतावनी दिएको छ । जलवायु परिवर्तन सम्बन्धी बहस सन् १९७० को दशकमा सुरू भएको हो । त्यसपछि सन् १९९० को दशकमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण र अनुकूलनका प्रयासहरू सुरू गरिए तर ती प्रयासहरू अपेक्षाअनुसार सार्थक हुन सकेका छैनन् ।

सन् १९९२ मा 'जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि ढाँचा' ले वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढ्न नदिने र स्थिरीकरण गर्ने लक्ष्य लिएको थियो । यो लक्ष्यअनुसार पनि काम हुन सकेको छैन ।

प्रत्येक वर्ष विश्वका राष्ट्र प्रमुख, राजनीतिज्ञ, वैज्ञानिक, सरकारी तथा गैरसरकारी प्रतिनिधि, पत्रकार लगायत हजारौंको सहभागितामा जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन हुने गरेको छ। हालसम्म २८ वटा यस्ता सम्मेलन भएका छन् । सम्मलेनमा अनेक प्रतिबद्धता जनाइएका छन्। यसअतिरिक्त पनि जलवायु परिवर्तनको नाममा हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरका सभासम्मेलन हुन्छन् ।

यस्ता सभासम्मेलन गर्दा सिर्जित हरितगृह ग्यासले पनि जलवायु परिवर्तनमा असर गरेको छ भन्ने बहस हुन थालेको छ ।

जीवाश्म इन्धन नै हरितगृह ग्यासको मुख्य स्रोत हो। यस्तो इन्धनको प्रयोग घटाउन सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा जस्ता नवीकरणीय ऊर्जाको प्रयोग व्यापक बनाइएको छ ।

ऊर्जा दक्षता अभिवृद्धि गरी कम ऊर्जाको उपयोगबाट धेरै काम गर्न सकिने गरी सुधारको प्रयास भएको छ । पछिल्लो तथ्यांक अनुसार विश्वमा प्रयोग हुने कुल प्राथमिक ऊर्जाको करिब १४ प्रतिशत अंश नवीकरणीय स्रोतबाट पूर्ति भएको छ ।

अनेक प्रयास भइरहे पनि जलवायु परिवर्तन किन विश्वको टाउको दुखाइको विषय बनेको छ? महाशक्ति मानिएका देशहरू किन यसको परिणाम टुलुटुलु हेर्न बाध्य छन्छ ?

यी प्रश्नको जबाफ खोज्ने विश्व समुदायले र महाशक्तिहरूले नै हो ।

जलवायु परिवर्तन सम्बन्धी 'पेरिस सम्झौता' मा औद्योगिक विकास सुरू हुँदाको तापक्रमलाई आधार मानेर त्यसको तुलनामा समग्र वायुमण्डलमा १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने प्रतिबद्धता जनाइएको थियो। सन् १८५० को दशकलाई औद्योगिक विकासको दशक मानेर त्यो समयको वायुमण्डलको समग्र तापक्रमलाई आधार मानिएको थियो।

विश्व मौसम विज्ञान संगठनले पेरिस सम्झौताको प्रतिबद्धता पूरा नहुने चेतावनी दिएको छ । यस संगठनका अनुसार वायुमण्डलमा ०.१ डिग्री सेल्सियसले तापक्रम बढ्दा कृषि क्षेत्र सुख्खाको चपेटमा पर्नेछ । पारिस्थितिक प्रणाली खलबलिने छ ।

यस्तो परिणामका संकेतहरू देखिएका छन् ।

युरोपियन युनियनको कोपर्निकस जलवायु परिवर्तन सेवाले जनाए अनुसार तापक्रम मापनको इतिहासमा सन् २०२४ को जुन महिनामा सबभन्दा उच्च तापक्रम रेकर्ड भयो। पेरिस सम्झौताले लिएको तापक्रमको लक्ष्य प्राप्त गर्न सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा ४३ प्रतिशतले, सन् २०३५ सम्ममा ६० प्रतिशतले र सन् २०४० सम्ममा ६९ प्रतिशतले हरितगृह ग्यासको उत्सर्जन घटाउनुपर्ने छ ।

यसो हुन सम्भव देखिएको छैन ।

हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका लागि राष्ट्रहरूले लिएका लक्ष्य पूरा गर्दा पनि सन् २०३० सम्ममा ७ प्रतिशतले मात्र घट्ने छ । हालको स्तरको न्यूनीकरणले पेरिस सम्झौताको लक्ष्य प्राप्त हुन सक्दैन । फलस्वरूप जलवायु परिवर्तनको प्रभाव भयावह हुँदै जानेछ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) ले जलवायु परिवर्तन सम्बन्धमा गरेको सार्वजनिक विचार सर्भे (जनता जलवायु मतदान, २०२४) मा ८० प्रतिशत सहभागीहरूले जलवायु परिवर्तनको प्रभाव कम गर्न महत्त्वाकांक्षी योजना आवश्यक छ भनेका छन् । राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) ले हालै प्रकाशन गरेको अध्ययन प्रतिवेदन अनुसार सबैका प्रिय र भविष्यका आधारस्तम्भ बाल बालिकाहरू अधिक ताप मानको कारणले संकटासन्न छन् ।

दिनदिनैको उच्च तापमान का कारण बालबालिका बढी प्रभावित छन् । बालबालिकाको शरीर छिटो तात्ने र ढिलो सेलाउने प्रकृतिको हुने भएकाले उनीहरू जलवायु परिवर्तनको बढी जोखिममा छन् । गत जुन १७ मा बिबिसी विश्वसेवाले प्रकाशन गरेको एक समाचारअनुसार सात करोड अमेरिकी जनता ४१ डिग्री सेल्सियसभन्दा बढी अधिकतम तापक्रमका कारण उच्च तापको सतर्कतामा थिए ।

यस्तो उच्च तापले अधिक वाष्पीकरण हुन्छ र आद्रताले बादल निर्माण हुन्छ । सामान्यतया १ डिग्री सेल्सियस तापक्रम बढ्दा वायुमण्डलमा ७ प्रतिशतले आद्रता बढ्छ । परिमाण स्वरूप ठूलो वर्षा हुन्छ । अफ्रिकी देश सुडानमा सन् १९६० मा वर्षभरिमा ११० दिन ३५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम थियो। सन् २०२४ मा १६५ दिन पुगेको छ ।

गर्मी मौसममा अधिक तापक्रमका कारण गत एक वर्षमा युरोप र मध्य एसियाका चार सय बालबालिकाको मृत्यु भएको विवरण छ । पूर्वीअफ्रिकामा सन् २०२० देखि २०२२ को बीचमा पानी पर्नुपर्ने पाँचवटा मौसममा पानी नपरेका कारण ४० वर्षयताको खराब खडेरी बेहोर्नुपरेको थियो । यसबाट सोमालियामा मात्र १२ लाख मानिस विस्थापित भएका थिए ।

क्रिस्चियन एडले सन् २०२४ जुनमा गरेको एक अध्ययनले सन् २०२३ डिसेम्बरदेखि २०२४ मे (६ महिना) मा उग्र मौसमका कारण कम्तीमा ४१ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको अनुमान गरेको छ । यस अवधिमा दक्षिण तथा दक्षिण पूर्वीएसियामा जलवायु परिवर्तनबाट सिर्जित बाढीका कारण २१४ जनाको मृत्यु भयो । संयुक्त अरब इमिरेट्समा बीमा गरिएको मात्र ८५० मिलियन अमेरिकी डलर बराबरको क्षति भयो ।

सन् १९९३-२०२३ (३० वर्ष) अवधिमा विश्वका अन्य क्षेत्रमा भन्दा एसिया क्षेत्रमा तापमान बढ्ने दर उच्च रह्यो। हिउँ पग्लने दर र समुद्री सतह बढ्ने क्रम निरन्तर चलिरह्यो । यस क्षेत्रका करिब ९१ प्रातिशत हिमशृंखलाहरूमा उच्च तापमानका कारण हिउँको मात्रा घट्दै गएको छ । यसैकारणले दक्षिण एसियाली क्षेत्रमा स्वच्छ पानी आपूर्तिको महत्त्वपूर्ण स्रोतका रूपमा रहेका हिमनदीहरूको भविष्य जोखिममा परेको छ ।

समुद्री सतहको उचाइ बढ्दै जाँदा प्रशान्त क्षेत्रमा टापूका रूपमा रहेका धेरै देशहरूको अस्तित्व मेटिने सम्भावना बढेको छ ।

हालै राष्ट्र संघीय महासचिव एन्टोनियो गुटरेसले उक्त क्षेत्रको भ्रमण गर्ने क्रममा तापक्रम वृद्धिका विषयमा विश्व समुदायलाई सचेत गराउनुले पनि जोखिमको गम्भीरता पुष्टि हुन्छ ।

गत वर्ष (सन् २०२३) मा मात्रै यस क्षेत्रमा बाढी र आँधीबेहरीका कारण पानीसँग सम्बन्धित ७० वटा रोग देखापरे । फलस्वरूप दुई हजार मानिसको मृत्यु भयो, ९० लाख मानिस प्रभावित भए ।

सन् २०२१ मा विश्व बैंक र एसियाली विकास बैंकद्वारा संयुक्त रूपमा प्रकाशित एक प्रतिवेदन अनुसार विश्व तापमान बढ्ने कारणले यस शताब्दीको अन्त्यसम्ममा हिमाली क्षेत्रमा हिउँको मात्रा ३६ देखि ६४ प्रतिशतसम्मले कम हुनेछ । यसको प्रत्यक्ष प्रभाव जलविद्युत उत्पादन, सिँचाइ र खानेपानीमा पर्नेछ । यो प्रक्षेपण मिल्न गएमा नेपालको जलविद्युत र सिँचाइ क्षमता आधाभन्दा बढीले घट्ने छ ।

जलवायु परिवर्तन सम्बन्धी अन्तर्सरकारी समूह (आइपिसिसी) ले गरेको प्रक्षेपण अनुसार हरितगृह ग्यास

वांकी अन्तिम पेजमा...

# जुवा खेल्ने ९ जना प्रहरीको नियन्त्रणमा



विराटनगर । मोरङको ग्रामथान गाउँपालिका-४ स्थितबाट जुवा खेल्ने ९ जनाको समुहलाई प्रहरीले पक्राउ गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चितता अभियान तथा नजिकिदै गरेको चाड पर्वलाई सुरक्षित बनाउने उद्धेश्य सहित बिशेष सुचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर तथा जिल्ला प्रहरी कार्यालय मोरङबाट संयुक्त रुपमा भदौ २९ गते राती ८ बजे परिचालन भएको टोलीले ग्रामथान-४ कटहरा टोल स्थित महिला समुहको सामुदायिक भवनमा ( बाँसको टाठी र टिनको छाना भएको) जुवा खेलीरहेको अवस्थामा जुवा जन्य बस्तु र नगद रुपैया सहित नौ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा मोरङ ग्रामथान-४ का ५५ बर्षीय अहिलाल माझी, ग्रामथान-४ का ५९ बर्षीय शिव नारायण माझी, सुन्दरहरैंचा नगरपालिका-१ का ४५ बर्षीय जय किश्वर साह, सुन्दरहरैचा-१ का ५० बर्षीय जनक कुमार मास्के, सुन्दरहरैचा-३ का ३० बर्षीय प्रताप भन्ने ईच्छा राई, लेटाङ नगरपालिका-९ का ३८ बर्षीय लोकनाथ सापकोटा, झापा दमक नगरपालिका-१० का ४६ बर्षीय ऋतुबर्ण नेम्वाङ, सुनसरी धरान उपमहानगर पालिका-१५ का ४५ बर्षीय युबक राई र महोतरी गौसाला नगरपालिका-१ का ४५ बर्षीय महेश साह रहेका छन ।

प्रहरीले जुवाको खालबाट कौडा १६ थान, तास १२ बुक, पाउडर २ बट्टा, कपडाको झोला २ थान, मोबाईल १५ थान र नगद १८ लाख ४९ हजार ५ सय रुपैया समेत बरामद गरेको थियो ।

पक्राउ परेका उनिहरुको मुलुकी अपराध संहिता २०७४ बमोजिम जुवा सम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय मोरङबाट म्याद थप गरी इलाका प्रहरी कार्यालय बेलबारीबाट थप अनुसन्धान भई रहेको छ ।

# गाँजा सहित चार पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-१५ र १७ स्थितबाट प्रति वन्धितलागुऔषध गाँजा बोकेको दुई वटा सवारी साधन सहित चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

भाद्र ३१ गते सोमवार बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण व्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ स्थितमा संकास्पद अवस्थामा रहेको बा.८च ७८८० नम्बरको कारलाई चेकजाँच गर्दा कारको पछाडि सिटमुनी लुकाई छिपाई राखेको ४३ किलो ग्राम गाँजा बरामद भए संगै उक्त कार चालक बिराटनगर-१५ का ३२ बर्षीय गणेश चौधरी र कारमा सवार रहेका बिराटनगर-१३ का २२ बर्षीय रोजेश परीयारलाई नियन्त्रणमा लिएको थियो ।

यसै गरी राती साढे ८ बजे सोही टोलीले बिराटनगर-१७ मण्टा पोखरी स्थितमा संकास्पद अवस्थामा रहेको को. २ च ७५९ नम्बरको स्कार्पीयो गाडीलाई चेकजाँच गर्दा गाडीको पछाडिको भागमा लुकाई छिपाई राखेको अवस्थामा १४६ किलो ग्राम गाँजा बरामद गरेको हो । लागुऔषध गाँजा बरामद भए संगै गाडी, चालक सुनसरी धरान-१७ का ४५ बर्षीय सुक्षिम राई र गाडीमा सवार धरान-११ का ४६ बर्षीय देवराज राईलाई समेतलाई नियन्त्रणमा लिएको थियो ।

लागुऔषध गाँजा सहित पक्राउ परेका उनिहरुको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
विवेक मालपानी
उद्योगी, व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
रमेश मिश्रा(प्रमुख)
डि.ए.भी स्कुल परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
नरेश राठी
उद्योगी व्यवासयी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
नन्द किशोर राठी
उद्योगी व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजन खत्री(प्रमुख)
विराट हेल्थ कलेज परिवार, विराटनगर

# कानुन व्यवसायीद्वारा जितियापर्वको शुभकामना



विराटनगर । मधेसी समुदायका महिलाहरूले मनाउने महान जितीया पर्वको शुभ अवसरमा विराटनगरका कानुन व्यवसायीहरूले हर्सो-उल्लासका साथ शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन ।

उक्त कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश रमेशराज प्रसाद भण्डारीले भने सबै जातजाति हरूले मनाउने पर्वहरू आ-आफ्नै किसिमको हुने भएकोले मधेसी समुदायको महिलाहरूले मनाउने जितीया पर्वको उपलक्ष्यमा गरिएको कार्यक्रम सराहनीय भएको वताउनुभयो ।

त्यसैगरी जितीया पर्वको बारेमा चर्चा गर्दै प्रा.डा. अधिवक्ता रामलाल सुतिहारले भने जितीया पर्व आमा, विवाहित दिदी बहिनीहरूले आफ्नो छोरा-छोरी, श्रीमान र परिवारहरूको सुख शान्ति, दीर्घायु र सु-स्वास्थ्यको कामना गर्दै निराहार (केही नखाई) उपवास वस्ने गर्दछन । यो पर्व ठाउँ अनुसार फरक-विधि-विधान अनुसार गर्दछन । पुर्व तिर दिदी बहिनीको विवाह भएको वर्षदेखि नै जितीया पर्वको थालनी गर्दछन भने पश्चिम तिर विवाह भएर सन्तान प्रप्ती पछि जितीया पर्वको थालनी गर्ने गरेको सुतिहारले वताए ।

उच्चका विराटनगरका माननीय न्यायाधीश ममता खनाल, विमल सुवेदी, श्रीधरा कुमारी पुडासैनी, राज्यलक्ष्मी वज्राचार्यले शुभकामना मन्तव्य राखेका थिए । त्यसैगरी मोरंग जिल्ला अदालतका मुख्य न्यायाधीश उद्वव प्रसाद भट्टराई लगायत अधिवक्ता कविता बस्नेत, मधुसूदन चौधरीले जितीया पर्वको विशेषता बारे चर्चा गरेका थिए ।

उक्त कार्यक्रममा सरकारी वकिल कार्यालयका सह न्यायधिवक्ता, मोरंग जिल्ला अदालत र उच्च अदालत विराटनगरका कर्मचारी लगायत कानुन व्यवसायी हरूको उपस्थित रहेको थियो ।

कार्यक्रमको संचालन कानुन व्यवसायी अधिवक्ता तुलसी साहले गरेका थिए ।

कानून व्यवसायीद्वारा गठित जितीया पर्व मूल समारोह समितिको आयोजनामा भएको कार्यक्रम अधिवक्ता सञ्जु साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# लागुऔषध सहित १६ पक्राउ

बिराटनगर । कोशी प्रदेशको विभिन्न जिल्लावाट प्रतिवन्धित लागु औषध सहित १६ जनालाई प्रहरीले पक्राउ गरको छन् ।

झापा, मोरङ र सुनसरीबाट लागुऔषध सहित ३ जनालाई प्रहरी नियन्त्रणमा लिएको थियो । भदौ ३ गते विहीवार झापाको मेचीनगर नगरपालिका-६ स्थितमा लागु औषध नियन्त्रण व्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा नगरपालिका-११ का २० बर्षीय विपिन माझीलाई १ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी दमक नगरपालिका-८ का २३ बर्षीय अभिषेक बिश्वकर्मालाई ट्रामाडोल ६७ र डिकोलीक ६७ ट्याब्लेट सहित इलाका प्रहरी कार्यालय दमकले र मोरङको बेलबारी नगरपालिका-८ का २२ बर्षीय साहिल लिम्बुलाई ८० ट्याब्लेट ट्रमाडोल र नाईट्रोसन सहित प्रहरी चौकी डाँगीहाटले पक्राउ गरेको थियो ।

सुनसरीको इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले रामधुनी नगरपालिका-६ स्थित सडक किनारमा रहेको झाडीमा बेवारिसे अवस्थामा रहेको निषेधित औषधी ट्रामाडोल १४ हजार ८ सय ट्याब्लेट नियन्त्रणमा लिएको थियो ।

झापा, मोरङ, सुनसरी र पाँचथरबाट लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ । असोज २ गते साँझ सुनसरीको धरान-८ स्थितमा प्रहरी चौकी तिनकुनेबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा काँकरभिट्टाबाट धरान आउनदै गरेको बा.५ ख ५८१० नम्बरको बसमा झोलामा लुकाई छिपाई राखेको अवस्थामा निषेधित औषधी

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
संतोष चौधरी
उद्योगी,व्यवसाय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
राजु गोयल
गोयल हाडवेयर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
लाईफ गार्ड हस्पिटल परिवार
विराटनगर, बरगाछी

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
AARYA NEURO HOSPITAL
KANCHANBARI, BIRATNAGAR–2

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
कार्यालय प्रमुख
विराटनगर दुग्ध वितरण आयोजना परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८१ सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT. LTD. BIRATNAGAR

## विज्ञानले...

उत्सर्जनमा मध्यमस्तरको मार्ग पछ्याउन सक्दा पनि सन् २०१६ देखि २०४५ को अवधिमा नेपालको तापक्रम ०.९ डिग्री सेल्सियसले वृद्धि हुनेछ। फलस्वरूप बाढीबाट प्रभावित हुने संख्या सन् २०१० को तुलनामा २०३० सम्ममा दोब्बर हुनेछ र हिउँद याम अझ बढी सुख्खा हुनेछ। वर्षाको मात्रामा तीन गुणा वृद्धि हुनेछ ।

तीन-चार दशकअघिसम्म पौडी खेल्न मिल्ने कतिपय खोलामा अहिले वर्षातको समयमा मात्र पानी देख्न पाइन्छ । यसबाट पनि यो शताब्दीको अन्त्यसम्ममा जलवायु परिवर्तनले भयवह अवस्था सिर्जना हुने अनुमान गर्न सकिन्छ ।

नेपालमा गत साउन ३२ गते सोलुखुम्बुमा थामेको शिरबाट आएको अस्वाभाविक भेलबाढीले आयो । त्यसले २० वटा घर, एउटा विद्यालय, एउटा स्वास्थ्य चौकी र ९५० किलोवाट क्षमताको जलविद्युत परियोजना बगायो । एउटा मनोरम उपत्यका थामे बगरमा परिणत भयो। यो घटना अधिक वर्षाका कारणले भएको थिएन । दुइटा हिमताल विस्फोट भएर तल्लो तटीय क्षेत्रमा भेलबाढी आएको थियो । सम्भवतः ती हिमताल विस्फोट हुने अनुमान नै थिएन ।

यो घटनाले नेपालको हिमाली क्षेत्रमा ठूलो संख्यामा रहेका हिमतालको अवस्था र भविष्यमा हुन सक्ने दुर्घटनाको संकेत गरेको छ । यस स्थितिमा हिमताल हरूको जोखिम अध्ययन गरी क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गर्न आवश्यक भएको छ ।

तीन वर्षअघि सिन्धुपाल्चोकको उत्तरी क्षेत्रमा ठूलो पहिरो गयो। त्यसले मेलम्ची नदीमा भयावह बाढी ल्यायो र कहालीलाग्दो विपत्ति निम्त्यायो। यसै वर्ष महाकालीपारिको दोधरा चाँदनी लगायत देशका केही ठाउँमा हाँडीघोप्टे वर्षा भयो । ठाउँठाउँमा धनजनको निकै ठूलो क्षति भयो। मैले यो लेखमा पछिल्लो समयका थोरै उदाहरणहरू प्रस्तुत गरेको हुँ । यतिकै आधारमा अहिले नै आत्तिनुपर्ने होइन तर बढ्दो तापमान नियन्त्रण हुन नसके संकट टर्ने छैन ।

खासगरी सन् १८५० यताको करिब १७५ वर्षमा भएको अव्यवस्थित-अनियन्त्रित ओद्यौगिकीकरण र विकास निर्माणका कामले हरितगृह ग्यास अधिक उत्सर्जन भएको हो । त्यसकै नकारात्मक प्रतिफल विश्व समुदायले भोग्नुपरेको हो ।

विश्व समुदायले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको प्रयास गरेको ३५ वर्षजति भयो तर पर्याप्त हुन सकेन । अधिक हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुकहरूले प्रतिबद्धता पूरा गर्न सकेनन् ।

चमत्कारी विज्ञान-प्रविधि एआईमा पुग्दा पनि हरितगृह ग्यास उत्सर्जन हवात्तै घटाउने सूत्र पत्ता लागेको छैन। विश्व समुदायको प्रतिबद्धता र सावधानी ज्यामितीय गतिले बढाउन सके मात्र आगामी मानव पुस्ताले जीवनयोग्य पृथ्वी पाउनेछ । सेतोपाटीबाट


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## चाडवाड सुरक्षा योजना

बिराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले नजिकिदै गरेको चाडपर्वहरूलाई लक्षित गरी समाजमा शान्ति सुरक्षा कायम राख्दै चाडपर्व बिशेष सुरक्षा योजना अनुसार कुनै पनि आपराधका घटनाहरू हुन गर्न नपाउने गरी प्रहरी परिचालन गरी भरपर्दो सुरक्षा व्यवस्था मिलाउन जिल्ला प्रहरी प्रमुखहरुलाई निर्देशन दिनु भएको छ ।

असोज १ गते मंगलवार भर्चुअल माध्यमद्वारा प्रदेश प्रहरी प्रमुख खापुङले मातहत जिल्ला प्रहरी प्रमुखहरु तथा इलाका प्रहरी कार्यालयका प्रमुखहरुलाई नजिकिदै गरेको चाड पर्वलाई सुरक्षित बनाउने उद्धेश्यका साथ आ-आफ्नो जिम्मेवार क्षेत्रहरूमा सुरक्षा व्यवस्थापन को निम्ति आवश्यक सुरक्षा योजना निर्माण गरी समाजमा शान्तिसुरक्षा व्यवस्था मिलाउन तथा चाडपर्वको समयमा हुनसक्ने अवान्छित गतिविधि, जुवातास, कालो बजारी नियन्त्रण, खुल्ला सिमा नाकाको कारण हुने चोरी तस्करी, लागू औषधको प्रयोग तथा ओसार पसार, अतिस वाजी तथा पटका जन्य पदार्थहरुको ओसार पसारलाई नियन्त्रण गर्न तथा चाडपर्वको समयमा सवारी साधनद्वारा मानिसहरुको आवत जावत बढी हुने हुँदा यात्रुहरुको सहजताको लागी यात्रु सहायता कक्षको स्थापना गरी सवारी दुर्घटना हुन नपाउने गरी ट्राफिक व्यवस्थापन मिलाउन समेत निर्देशन दिनु भयो ।

निर्देशनकै क्रममा वहाँले प्रहरीले आमनागरीकहरुलाई प्रदान गर्दै आएको प्रहरी सेवालाई प्रभावकारी बनाउदै

वांकी अन्तिम पेजमा...


हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
दिनबन्धु गोयल
समाज सेवी विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
राकेश सुराना (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार, विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
सुरक्षा अस्पताल प्रा.लि. परिवार
विरेन्द्र सभागृह अगाडी, विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
सगरमाथा उच्च माध्यमिक विद्यालय
परिवार, विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
पूर्वाञ्चल जल उद्योग
परिवार शान्ति चौक, विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०८१ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
मेरील्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर